सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




बालबालिकाको अभिनय द्वारा वातावरण संरक्षणका लागि कचहरी बहसको अभ्यास । पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ९७ ♦ २०८० साल पुस ७ गते शनिवार ♦ 23 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## राजनीति दल एक जुट वने नदी उत्खननविरुद्ध

# अव रातु नदीमाथी भएको अन्याय सहदैनौं



**विशाल बस्नेत**

**पुस ६ गते, बर्दिवास**

रातु नदी उत्खननविरुद्ध बर्दिबास नगरपालिकाका राजनीतिक दलहरू एकजुट भएका छन् ।

नगरपालिकाले मनोमानी ढंगले नदी उत्खनन गरेको भन्दै दलहरू संरक्षणको पक्षमा उभिएका हुन् ।

आज विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, लोसपा, रास्वपा, जनमतसहित दलले नगरले अवैध ढंगले गरेको उत्खनन रोक्ने सामूहिक प्रतिबद्धता जनाएका हुन् ।

कुनियतपूर्वक आर्थिक प्रभावमा परेर नगरले नदी उत्खनन गरि रहेको बताउँदै विज्ञप्तिमा आमनागरिकलाई सचेत रहन अपिल गरिएको छ । विज्ञप्तिमा भनिएको छ, 'आर्थिक स्रोत व्यवस्थापन गर्ने बहानामा रातु नदीमा भइरहेको अनियन्त्रित उत्खननलाई तत्कालै रोक्न बर्दिबास नगरपालिकासहित सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउँछौं ।'

नगरले अहिले लगाएको ठेक्कामाथि नै प्रश्न उठाइएको छ । नदीको पथलैया खण्डमा अहिले उत्खनन भइरहेको छ भने अन्य ३ वटा खण्ड सम्झौता प्रक्रियामा छन् ।

तर, आर्थिक वर्ष २०७७/०७८ मा लगाएको ठेक्कामा भएको अवैध उत्खननका कारण विवादित भई हाल जनकपुर उच्च अदालतमा मुद्दा विचाराधीन छ ।

तत्कालीन समयमा नापजाँच उपसमितिको प्रतिवेदनअनुसार उत्खनन गर्ने जिम्मा पाएका ठेक्केदार कम्पनीहरूले सम्झौता विपरीत ७ गुणा बढी उत्खनन गरेका थिए ।

क्षति परिपूर्तिको अवस्थालाई समेत आकलन नगरी अहिले पुनः ठेक्का लगाएर उत्खनन गर्नु नियमविपरीत भएको विज्ञप्तिमा उल्लेख छ ।

नगरले चुरे तथा नदी दोहनलाई पक्षपोषण गरिरहेको बताउँदै पाटुस्थित रातु नदी बगरमा ताल बनाउने योजनासमेत नदीजन्य पदार्थ तस्करी गर्ने नियतबाट प्रभावित भएको दलका नेताहरूले आरोप लगाएका छन् ।

दुबईमा जलवायु परिवर्तनसम्बन्धी विश्व शिखर सम्मेलन (कोप-२८) सम्पन्न भएको र चुरे तथा वातावरण विज्ञहरूले नेपालको सन्दर्भमा जलवायु परिवर्तनका कारण पानीको अभाव अझै बढ्दै जाने बताइरहेका बेला संरक्षणलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने अवस्थामा अझ चुरे नै विनाश हुने गरी भइरहेको रातु नदीको उत्खनन कार्यलाई तत्कालै रोक्न विज्ञप्तिमा बर्दिबास नगरपालिकासँग मागसमेत गरिएको छ ।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

### २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्यीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# बालबालिकाको अभिनय द्वारा वातावरण संरक्षणका लागि कचहरी बहसको अभ्यास

**दिवेश कुमार महतो**

**पुस ६ गते, महेन्द्रनगर**




कला देखाउने विभिन्न माध्यमहरु छन्। प्रतिभा प्रस्फुटन गर्ने/ गराउने विधि पनि फरक फरक किसिमका हुन्छन्। आधुनिक कालमा बालबालिका भित्र लुकेका कलालाई बाहिर ल्याउने विधि पनि पुरानै अनुसार को चलिरहन्छ । तर धनुषाको ढल्केवरमा कचहरी बहसको माध्यमले किशोर किशोरी र बालबालिकाहरुको नेतृत्व विकास र वातावरणको अधिकार बारे सचेत गराएको छ।

जिल्लाको मिथिला नगरपालिका -६ ढल्केवरस्थित महेन्द्र मावि को प्राङ्गणमा कायापलट, इन्सेक, डब्लु डब्लु एफ र सेभ द चिल्ड्रेनको संयुक्त आयोजनामा गरिएको कचहरी बहसमा अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) मधेस प्रदेश कार्यलयले धनुषाको मिथिला नगर पालिकामा गठन गरेको बाल अधिकार सचेतना समुहका बालबालिकाहरुलाई राखेर कचहरी बहस कार्यक्रम गरिएको थियो भने मगही भाषा अभियन्ता एवम् पत्रकार फुलगेन मगहीले सहजिकरण गरेका थिए। बहसमा अतिथिको रुपमा बालबालिकाहरु बाटै मेयर , उपमेयर,वाडा अध्यक्ष,वाडा सदस्य ,वातावरण अभियन्ता र आमनागरिक बनाएर अभ्यास गराइएको थियो । बालबालिकाहरुले स्थानिय तहका जनप्रतिनिधिको ( गेटअपमा) अभिनय गर्दै वातावरण बारे गहण बहस र संवाद गरिएको थियो। वातावरण अधिकार विषयमा केन्द्रित रहेर मिथिला नगरपालिकाको विकास र सरसफाइ जस्ता विषयमा संवाद गरिएको थियो। उनीहरूले कचहरी बहसको अभ्यास मार्फत स्थानिय सरकारलाई अधिकार र कर्तव्य प्रति सचेत गराउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउने उदेश्यले सरोकारवाला सम्बन्धित निकायहरु सँग संवाद र बहसको माध्यमबाट समस्याको समाधान खोज्ने लक्ष्य राखेको छ।

कचहरी बहसको अभ्यासले विधार्थीहरुको क्षमता अभिवृद्धि हुन्छ। उनीहरूमा प्रश्न गर्न सक्ने क्षमताको विकास भई नेतृत्व क्षमताको विकास हुने कुरा महेन्द्र मावि का प्राधानाध्यापक रामकुमार महतो बताउँछन्। उनका अनुसार बालबालिका भित्र लुकेका प्रतिभा प्रस्फुटन गराउने विधि मध्ये सबैभन्दा राम्रो विधि रहेको र यसले उनीहरुमा चेतनाको बिकास भई विधालयमारु सकरात्मक सन्देश प्रवाह हुने बताए।

कचहरी बहस कार्यक्रम हाम्रो लागि नयाँ रहेको र यसका बार `मा हामीलाई केहि थाह नभएको अवस्थामा कायापलट र इन्सेक संस्थाले राम्रो कुरा सिकाएको छ। यसले गर्दा अगामी दिनहरूमा हामीले आफै यस्तै कार्यक्रमको आयोजना गरेर समस्या समाधानका निम्ति यस्तै संवाद र बहसको माध्यमबाट हल खोज्ने बारे सिकेका छौ भन्ने कुरा कचहरी बहसमा उपमेयर कि पात्र बनेकी मिथिला नगर बाल संजालको उपाध्यक्ष बन्दना यादव बताउछिन्।

बालबालिकाहरुले कार्यक्रममा कसरी बोल्ने , आफ्नो अधिकार को विषयमा सम्बन्धित निकायमा कसरी प्रश्न गर्ने , विधालयमा शुक्रबारको दिन पारेर संवाद र छलफल गरी समस्याको समाधान कसरी खोज्ने , सिक्ने र सिकाउने बिधिको विकास बारे सचेतना जगाउने लक्ष्य रहेको कुरा आयोजक संस्था कायापलटका संस्थापक अध्यक्ष दिवाकर उप्रेतीले बताए।

कार्यक्रममा आयोजक संस्थाले वातावरण अधिकार सम्बन्धि कार्यशाला गोष्ठी पनि गरेका थिए । त्यसमा उनीहरूलाई वातावरणको अधिकार, समस्या, समाधानका उपायहरु बारे जानकारी गराएका थिए ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) मधेस प्रदेश कार्यालयका फोकल पर्सन बरुण बस्याल, इन्सेक जिल्ला सहजकर्ता शिवजी परियार,मानव अधिकार समुह मधेस प्रदेश सचिव दिवेश कुमार महतो, सहसचिव हरिनारायण दास, बाल अधिकार संरक्षक शिक्षक निरप्रसाद शर्मा, विश्वनाथ महतो सहित मानव अधिकारकर्मीहरु, वातावरण अभियन्ता ,बाल क्लबका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष-** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मण्डल मृत्यु : इलाका प्रहरी कार्यालय सुगानिकासका इन्चार्ज जिल्ला तानिए




**खबर दर्पण समाचारदाता**

**पुस ६ गते, महेन्द्रनगर**

धनुषाको हंसपुर नगरपालिका-५ का दीपनारायण मण्डल मृत्यु प्रकरणमा इलाका प्रहरी कार्यालय सुगानिकासका इन्चाज सई बालमुकुन्द ठाकुर जिल्ला तानिएका छन् ।

उनलाई कारबाही स्वरुप जिल्ला तानिएको धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए ।

छिमेकसँगको समान्य विवादमा बिहीबार साँझ पक्राउ गरी लगेर कुटपिट गर्दा उनको मृत्यु भएको भन्दै स्थानीयबासिन्दाले शुक्रबार बिहान इलाका प्रहरी कार्यालयमा ढुंगमुढा र तोडफोड गरेका थिए ।

त्यस क्रममा प्रहरीले गरेको हवाई फायरको गोली दायाँ हातमा लागेर स्थानीय शिवशंकर मण्डल घाइते भएका छन्। उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ । गाउँलेले आक्रमण गरेपछि आत्मरक्षाको लागि हवाइ फायर गर्दा राइफलको गोली लागेर स्थानीय घाइते भएको एसपी शर्माको भनाइ छ। ढुंगामुढाबाट कार्यालयमा पूर्णरुपमा क्षति पुगेको उनले बताए ।

बिहीबार राति पैसा चोरी भएको विषयमा छिमेकी शंकर ठाकुर सँग दीपनारायणको विवाद भएको थियो । स्थानीयका अनुसार त्यस क्रममा शंकरले दीपनारायणलाई कुटपिट गरेर सई ठाकुरलाई बोलाएर पक्राउ गर्न लगाएका थिए। इलाकामा लगेर प्रहरीले कुटपिट गरेको र घर फर्केपछि अचानक बेहोस भई उपचारको लागि प्रादेशिक अस्पता लैजाँदा चिकित्सकले मृत घोषणा गरेको स्थानीयको दाबी छ ।

तर, एसपी शर्माले भने प्रहरीले पक्राउ गरेर इलाकामा ल्याएर कुटपिट गरेको र त्यस कारणले मृत्यु भएको घटनामा कुनै सत्यता नरहेको दावी गरे । 'दुई पक्षबीच विवाद भएपछि र ाति साढे ८ बजेतिर प्रहरी दुबै पक्षलाई इलाकामा लगेको थियो। त्यहाँ पछि छलफल हुने गरी कागजात गराइयो । दुबै पक्ष घर फर्कियो। र अचानक मण्डल सिकिस्त हुँदा अस्पताल पुगेपछि उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको हो', एसपी शर्माले भने 'बिहानै केही व्यक्तिले प्रहरीले कुटपिट गरेकै कारकण मृत्यु भएको भनेर भ्रम फैलाएपछि स्थानीयले कार्यालयमाथि ढुंगामुढा तोडफोड गरेका हुन् ।'

प्रहरीले मण्डललाई कुटपिट गरेको घटनामा संलग्न रहेको आरोपमा ठाकुरलाई पक्राउ गर ेको छ। मृतक मण्डलको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । ठाकुरविरुद्ध कर्तव्यज्यान मुद्दामा जाहेरी परेको धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवाले बताए ।

# विश्व सम्पदाको पर्खाइमा जानकी मन्दिर

**खबर दर्पण समाचारदाता**

**पुस ६ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगर पालिकामा अवस्थित हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन करिब १० वर्षदेखि सुरु गरिएको अभियानले अझै सफलता पाएको छैन । जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साहले भने विश्व सम्पदाको पर्खाइमा रहेको जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रूपमा सूचीकृत गराउने कार्यको अपनत्व लिइसकेको जानकारी दिनुभएको छ ।

गत मङ्सिरमा काठमाडौंस्थित युनेस्को, पुरातत्त्व विभाग, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा छलफलसमेत भएको जानकारी दिँदै उहाँले भन्नुभयो, "चाँडै नै युनेस्को टोली जनकपुरधाम आउने छ । हामी यसलाई अभियानका रूपमा लैजाने छौं ।"

हजारौं वर्षको इतिहास बोकेसँगै मिथिला सभ्यता र सस्कृतिसँग जोडिएको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराई यहाँको संस्कृति र सभ्यतालाई जोडिराख्न पनि जानकी मन्दिरलाई विश्व सम्पदामा राख्नुपर्ने उपमहानगर पालिकाद्वारा बनाइएको समितिका सदस्य एवं नेपाल सरकार परर ाष्ट्र सेवाका पूर्वकर्मचारी रामबाबु ढकाल बताउनुहुन्छ । विश्व सम्पदा महासन्धिमा उल्लेख गरि एका क्षेत्र जानकी मन्दिरसँग मेल खाएका कारण यसलाई विश्व सम्पदामा राख्न पहल भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जानकी मन्दिरको निर्माण टिकमगढकी महारानीले गराए पनि मन्दिर निर्माण हुनुअघि त्यस स्थानमा सीतारामको पूजा गर्ने गरिन्थ्यो;जुन रामायणमा आधारित छ । विशिष्ट महत्त्व बोकेको यो मन्दिरले मिथिला संस्कृतिलाई जीवन्त राखेको छ ।" जीवन्त संस्कृतिलाई संवर्धन गर्न पनि जानकी मन्दिर विश्व सम्पदा सूचीमा राखिनुपर्ने भनाइ ढकालको छ ।

विगतमा पहल भए पनि स्थानीय सरकारमा फेरिएका जनप्रतिनिधि तथा सरोकारवाला निकायले चासो नदेखाउँदा जानकी मन्दिर विश्व सम्पदाबाट ओझेलमा परेको समितिका सदस्य नवलकिशोर यादवले बताउनुभयो । उपमहानगर पालिकाले जानकी मन्दिरलाई विश्व सम्पदामा लैजाने पहलमा उहाँ सुरुदेखि लाग्नुभएको छ । उहाँ भन्नुहुन्छ, "जानकी मन्दिर नेपालको सांस्कृतिक धरोहर भएका कारण यसलाई विश्व सम्पदा सूचीमा लैजानु पर्छ ।"

जानकी मन्दिर विश्व सम्पदा सूचीमा प-यो भने युनेस्कोले कोर्ने मानचित्रमा जानकी मन्दिर पनि समावेश हुन्छ र पर्यटकको रोजाइमा जनकपुरधाम पनि समावेश हुन्छ। जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न विगतमा भएका पहलबारे जनकपुर धाम उपमहानगरपालिकाका प्रवक्ता परमेश्वरकुमार झाले भन्नुभयो, "जानकी मन्दिरलाई विश्व सम्पदामा लैजान एक व्यक्तिले पहल गरेर हुँदैन; स्थानीय जनता, सरोकारवाला र तीनै तहको सर कार सक्रिय भएर लाग्नु पर्छ ।" उहाँले यसअघि पनि जनकपुर धामका पूर्वनगर प्रमुख लालकिशोर साहले २०७४ सालदेखि केही पहल गर्नुभएको जानकारी दिनुभयो । "उपमहानगरपालिकाको पहलमा युनेस्कोका प्रतिनिधि र पुरातत्त्व विभागका प्रतिनिधिसँग समिति बनाएर अगाडि बढाउने कुरा पनि भएको थियो । त्यति बेला कैयौं पटक छलफल पनि भयो । बैठकसमेत बसियो । पुरातत्त्व विभाग आएर नक्साङ्कन गर्नसमेत लगायो । त्यस अनुसार जानकी मन्दिरलाई केन्द्रमा राखेर नक्साङ्कन गरी चार किल्ला तोकियो । यी सबै प्रक्रिया पूरा गरेर पुरात्व विभागमा पठाइएको छ । विभागका एक पदाधिकारी आएर हेरेर पनि जानुभयो तर युनेस्कोमा लैजाने प्रक्रिया नै लामो भएका कारण समय लागेको हो," उहाँले भन्नभयो ।

जानकी मन्दिरलाई युनेस्कोमा सूचीकृत गराउन कुनै व्यक्ति वा संस्थाले पहल गरेर मात्र नहुने हुँदा यसलाई स्थानीयस्तरबाटै पहल गरेर लैजानुपर्ने प्रवक्ता झाले बताउनुभयो। प्रवक्ता झा जानकी मन्दिरलाई विश्व सम्पदामा सूचीकृत गराउने समितिमा पनि हुनुहुन्छ । उहाँले भन्नुभयो, "युनेस्कोमा सूचीकृत गर्न प्रोफाइल नै ठुलो तयार पार्नु पर्छ । आधार भूत कुराहरू गर्दै गइरहेका छौं । उपमहानगरपालिकाले राखेको कन्सल्टेन्टले युनेस्कोमा सूचीकृत गर्ने मापदण्डसहितको दस्तावेज तयार पारी युनेस्कोमा पठाउनु पर्छ ।"

यस पटक नेपाल सरकारको नीति तथा कार्यक्रममा पनि जानकी मन्दिरलाई विश्व सम्पदामा सूचीमा लैजाने विषय परेको छ । करिब १० वर्षअघि भोर नामक संस्थाका अध्यक्ष राजकुमार महतोले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा लैजाने विषयलाई अगाडि बढाउँदै लाखौंको हस्ताक्षर सङ्कलन गर्नुभएको थियो । त्यसबारे पुरातत्व विभागका पदाधिकारीसँग पनि छलफल भएको थियो ।

## बटेश्वर गाउँपालिका, धनुषा

### जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं






आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं





गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

## मिथिला नगरपालिका, धनुषा

### जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं







आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं





गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

# स्थानीय र प्रहरीबीच झडप : प्रहरीको गोली लागि दुई घाइते





**खबर दर्पण समाचारदाता**
**पुस ६ गते, महेन्द्रनगर**

धनुषाको हंसपुर नगरपालिका -५ सुगा निकासमा रहेको इलाका प्रहरी कार्यालय घेराउ गर्न पुगेका स्थानीय र प्रहरीबीच झडप भएको छ । झडपमा प्रहरीको गोली लागि दुई जना घाइते भएका छन् ।

स्थानीयको कुटाइले घाइते भएका व्यक्तिको प्रहरीको थप कुटाइबाट निधन भएपछि आक्रोशित स्थानीयहरु प्रहरी चौकी घेराउ गर्न पुगेका थिए । सोक्रममा स्थानीय र प्रहरीबीच झडप भएको हो । झडपको क्रममा भीडलाई हटाउन प्रहरीले गरेको हवाइ फायरको क्रममा दुई जनालाई गोली लागेको छ । गोली लागेर सुगा निकासका ३६ वर्षीय शङ्कर मण्डल र १८ वर्षीय मतलुब अन्सारी घाइते भएका छन् । घाइते भएका अन्सारीको बायाँ पाखुरामा गोली लागेको छ भने अर्का घाइते मण्ड़लको दाहिने हातमा गोली लागेको छ । प्रहरीको गोली लागेर दुई जनासहित झडपमा परी तीनजना घाइते भएको स्थानीयले बताएका छन् ।

यता जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आक्रोशित स्थानीयको भीडले इलाका प्रहरी कार्यालयमा आगजनी गर्न थालेपछि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको जनाएको छ । आक्रोशित स्थानीयको भीडले प्रहरीउपर आक्रमण गर्न खोजेको र सशस्त्र प्रहरीको एउटा मोटरसाइकल पूर्णरुपमा जलाइदिएको र नेपाल प्रहरीको एउटा मोटरसाइकलमा समेत आगजनी गरी क्षतिग्रस्त बनाइदिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। स्थानीय दीपा मण्डललाई स्थानीयबीचको विवादको क्रममा पकाउ गरी इलाका प्रहरी कार्यालयमा लगिएका बेला प्रहरी सई तुलानन्द ठाकुरको पिटाइबाट मण्डलको संवेदनशील अङ्गमा चोट लागेको थियो । उपचारको क्रममा उहाँको मृत्यु भएको स्थानीयले जनाएको छ । घाइतेमध्ये अन्सारीको उपचार जनकपुर धामस्थित प्रादेशिक अस्पतालमा भइरहेको छ भने घाइते मण्डललाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको छ । प्रहरीको गोली लागि घाइते भएका दुवैजनाको उपचार खर्च राज्यले व्यहोर्नुपर्ने माग स्थानीयको छ ।

# जसपाको मधेस प्रदेश कमिटी पुनर्गठन गरिने



**खबर दर्पण समाचारदाता**
**पुस ६ गते, महेन्द्रनगर**

जनता समाजवादी पार्टी मधेस प्रदेश कमिटी पुनर्गठन हुने भएको छ । जसपाको मधेस प्रदेश कमिटीमा देखिएको आन्तरिक विवादका कारण प्रदेश कमिटी नै विघटन गर्नुपर्ने कुरा उठ्दै आएको थियो । जितेन्द्र यादव, इसुफ खान, रामपृत पासमानलगायतले प्रदेश कमिटी विघटन गरेर पुनः अर्को गठन गर्नुपर्ने माग गर्दै आएका छन् । मधेस प्रदेश कमिटीका अध्यक्ष रामबाबु यादव अध्यक्ष बनेपछि मधेस प्रदेशमा पार्टी कमजोर भएको, पार्टीभित्र पनि विभिन्न विवादहरू सृजना भएको, पार्टी चेन अफ कमान्डमा नचलेको जस्ता गुनासो भइरहेको थियो । रामबाबु यादव अध्यक्ष भएपछि एउटा पनि बैठक बसाउन सकेका छैनन् ।

हरेक बैठकमा उनले जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई उपस्थित गराएर बैठक सञ्चालन गर्थे । पार्टीमा विवाद बढ्दै गएपछि कमिटीको बैठक बोलाएर त्यस विषयमा छलफल भएकामा कमिटीलाई नै पुनर्गठन गर्ने निर्णय भएको । सो पुनर्गठन गर्ने जिम्मेवारी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई दिएको छ । ५१ सदस्य प्रदेश कमिटी गठन हुने जसपाले जनाएको छ ।

वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।
डिभिजन वन कार्यालय
धनुषा,जनकपुरधाम

वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ ।
डिभिजन वन कार्यालय
महोत्तरी

# बर्दिबास ५ मा वक्ततृत्वकला प्रतियोगिता सम्पन्न

**खबर दर्पण समाचारदाता**
**पुस ६ गते, बर्दिवास**

बर्दिबास नगर बाल संजालको नेतृत्वमा बर्दिबास नगरपालिका वडा न ५ मा वक्ततृत्वकला प्रतियोगिता सम्पन्न छ।


बर्दिबास नगरपालिका र युनिसेफ आर्थिक सहयोग र वडा न ५ को कार्यालयको समन्वयमा भएको कार्यक्रममा नगर बाल संजालकि सल्लाहकार गंगा बिश्वकर्माको अध्यक्षता र बर्दिबास नगरपालिकाको उपप्रमुख तारा देबि महतोको प्रमुख आतिथ्यमा भएको थियो । श्री पंञ्चधुरा माध्यमिक बिद्यालयको प्राङ्गणमा बक्तृत्वकलाको शीर्षक ञ बिपत तथा जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भुमिकाफ मा विद्यार्थीहरुले आफ्नो बिचार राखेका थिए ।

प्रतियोगितामा श्री टुटेश्वरनाथ मा.बि. डिपुका सुशान्त पौडेल प्रथम , श्री इच्छेश्वोर मा. बि. चेरुका अरुसी साह द्वितीय ,श्री सेम नेपाल राष्ट्रिय मा बि ढुङगे- गढन्ता का शुशिला लो ले तृतीय स्थान हासिल गर्न सफल भए । प्रतियोगितामा प्रथम ,द्वितीय




,तृतीय ,सान्त्वना हुनेलाई ट्रफि ,प्रमाणपत्र र सहभागी हुने बालबालिकालाई प्रमाणपत्र दिइएको थियो। कार्यक्रम नगर बाल संजालको सल्लाहकार जमुना बिश्वकर्माले संचालन गरेका थिए । कार्यक्रममा शिक्षक ,विद्यार्थी ,महिला तथा बालबालिका शाखा ,वडा सदस्य ,वडा बाल अधिकार समिति सदस्य , बिपत व्यवस्थापन समिति ,वि. व्य.स. लगाएत उल्लेखनीय सहभागीता रहेको थियो ।

ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा







पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,

स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प

फलेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा